# मोलुङ गाँउपालिकाको गाउँसभा

२०८१ साल आषाढ १० गते

उपाध्यक्ष श्री उर्मिला खतिवडाज्यूले प्रस्तुत गर्नुभएको

बजेट बक्तव्य

# आर्थिक वर्ष २०८१/०८२ को

# बजेट बक्तव्य

मोलुङ गाउँपालिका

प्राप्चा,ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

यस गरिमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथीज्यू, विशिष्ट, अतिथिज्यूहरु, सभाका सदस्यज्यूहरु, समाजसेवी, बुद्धिजीवीवर्ग, सुरक्षाकर्मीज्यूहरु, पत्रकारज्यूहरु कर्मचारी साथीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक नमस्कार ।

गाउँसभाका अध्यक्ष महोदय,

मोलुङ गाँउपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभासमक्ष आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा देश र जनताको निम्ति जीवन समर्पण गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि योगदान गर्नु हुने महान जनता र नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्त्वप्रति आभार प्रकट गर्न चाहन्छु ।

निजी, सहकारी, अर्धसरकारी संघ संस्थाहरुलाई गाउँपालिकाले विकासको साझेदारीको रुपमा स्वीकार गरेको छ साथै लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ ।

मोलुङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट सीमा तर्जुमा गर्दा मैले नेपालको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेशको बजेट, मोलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, राजस्व परामर्श समितिको सुझाव, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, दीगो विकासका लक्ष्यहरु आदिलाई आधारको रुपमा लिएको छु, साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजीवि, राजनीति कर्मी, भद्र भलादमी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु । विगतका आर्थिक वर्षमा हासिल भएका उपलव्धिहरु संस्थागत गर्दै नागरिकको सामाजिक र आर्थिक हित प्रबर्द्धन गर्न उपलव्ध श्रोतको समन्यायिक बाँफफाँड, सेवाको सरल र समान वितरण, विकासमा समान सहभागिता, जनतामा विकासको स्वामित्व ग्रहण जस्ता महत्वपूर्ण कुराहरुमा विशेष ध्यान दिइनेछ ।

सम्मानित सभाध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु ।

- चालु आ.व.को वित्तीय प्रगति सन्तोषजनक रहेको छ ।
- सडकको विस्तारले दैनिक उपभोग्य सामानको उपलब्धतामा सहज भएको छ, जसले प्रतिष्पर्धात्मक बजार प्रणालीको विकास समेत गरेको छ ।

- वस्तु निर्यात भन्दा आयात बढी रहेकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति अबलम्बन गर्नुपर्ने देखिन्छ ।
- राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभाबकारी बनाई राजश्वको पूर्वानुमान वस्तुपरक रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । राजस्व प्रणालीको द्विविधालाई अन्त्य गरिनेछ ।
- बचत तथा ऋण सहकारी संस्थाहरुको उपस्थिति संख्यात्मक रुपमा मात्र रहेकोले उत्पादनमूलक कार्यमा उत्प्रेरित गर्नु आवश्यक देखिन्छ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्य र प्राथमिकता निम्नानुसार छनः-**

- सडकको विस्तार र स्तरोन्नती गरी नागरिकलाई यातायातको पहुँच बढाउने,
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने,
- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न प्रदेश सरकार र संघीय सरकारसँग समन्वय सहकार्य र साझेदारीमा पर्यटकीय क्षेत्रको बिकास गर्ने,
- उपलव्ध श्रोत साधनको न्यायोचित वितरण, विकासमा समान सहभागिता गराइने,
- स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने,
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने,
- युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने,
- जनतामा मौलिक हकको प्रत्याभूति दिलाउने,
- सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत जटिलतालाई अन्त्य गर्ने

सभाध्यक्ष महोदय,

अब म बजेट तर्जुमाका आधार र सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४,
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,

- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा, सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- अन्तरसरकारी वित्तीय हस्तान्तरण निर्देशिका,
- दीगो विकासको लक्ष्य,
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना,
- उपलव्ध श्रोत र साधन,
- विकासका अन्तर सम्बन्धित विषयहरु,
- नेपाल सरकारले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु,
- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,
- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु,
- राजस्व परामर्श समितिको प्रतिबेदन आदि ।

सभाध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय स्रोत प्रस्तुत गर्न चाहन्छु ।

अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, प्रदेश सरकारबाट प्राप्त पत्र तथा प्रदेश बजेट बक्तव्य र आ.व. २०८१/०८२ को बैकं मौज्दातको आधारमा आ.व. २०८१/०८२ मा यस मोलुङ गाउँपालिकामा प्राप्त अनुमानित कुल बजेट रु. **४७ करोड ३९ लाख ६७ हजार १ रुपैया मात्र** निम्न अनुसारको शिर्षकगत आय विवरण रहेको छ ।

- संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण रु. ७ करोड ९८ लाख,
- राजस्व बाँडफाँड तर्फको रु. ७ करोड ८१ लाख १ रुपैया,
- संघीय सर्शत अनुदान चालु रु. २६ करोड ५४ लाख तिन हजार,
- संघीय सशर्त अनुदान पूँजीगत रु. १ करोड ५० लाख,
- प्रदेश सरकारवाट प्राप्त वित्तीय समानीकरण तर्फ रु.४६ लाख ९७ हजार,
- प्रदेश राजश्व बाँडफाँडबाट वापत प्राप्त रु. २९ लाख ५१ हजार,
- प्रदेश (समानीकरण, शसर्त चालु, पूँजीगत, समपुरक) अनुदान रु.१ करोड १३ लाख १ हजार

- आन्तरिक श्रोत तर्फ रु.३३ लाख,
- अनुमानित अल्या रु. १ करोड

- सभाध्यक्ष महोदय,

आ.व. २०८१/०८२ मा सम्पूर्ण बजेटको चालु र पूँजीगत बजेट विवरण पेश गर्न चाहन्छु। यस आर्थिक बर्षमा संघीय र प्रदेश समानीकरण तथा राजश्व बाँडफाँड र आन्तरिक राजश्व मध्येबाट चालु बजेट तर्फ कर्मचारी पारिश्रमिक, कार्यालय संचालन, व्यवस्थापन लगायत अन्य चालु प्रकृतिका विविध शिर्षकमा एकमुष्ट बजेट रु ८ करोड ४३ लाख ५१ हजार १ रुपैया मात्र छुटयाईएको छ भने पूँजीगत तर्फ गाउँपालिकाको अनुमानित अल्या समेत गरी रु. ९ करोड ४४ लाख ९७ हजार मात्र बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत, विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- मोलुङ गाउँपालिका, वडा नं. १ देखि ८ सम्म  चालु  तर्फ रु. ९ लाख ४७ हजार ५ सयका दरले जम्मा रु. ७५ लाख ८० हजार मात्र विनियोजन गरेको छु ।
- मोलुङ गाउँपालिका तथा मातहतका कार्यालयहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकालाई सेवा करारमा नियुक्ति गर्न मिल्ने भनी तोकिएका पदहरुमा कार्यरत कर्मचारीहरुको कल्याणकारी कोष सञ्चालन गर्न र मातहतका कार्यालयहरुमा करारमा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।
- मोलुङ गाउँपालिका तथा मातहतका कार्यालयहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकालाई सेवा करारमा नियुक्ति गर्न मिल्ने भनी तोकिएका पदहरु हलुका सवारी चालक (हसचा), कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुको न्युनतम मासिक तलवमान क्रमस रु २५,००० ( पच्चिस हजार ) र रु १७,३०० ( सत्रहजार तिन सय ) साथै एक गाउँ एक प्राविधिक पदमा कार्यरत कर्मचारीको मासिक तलवमान रु २४,०००( चौविस हजार) हुने गरि बजेट बिनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिकाको गौरबको योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु ।

**क) आर्थिक विकासः-**

१) विकासको आधारशिला आर्थिक विकास हो । आर्थिक विकासलाई मजबुद बनाउन गाउँपालिकाले कृषि तथा पशु सेवा र सहकारी सम्बन्धी कार्यक्रमहरु, एक गाउँ एक उत्पादन कार्यक्रम, विगतदेखि सुचारु हुँदै आएको किवि खेतीलाई निरन्तरता, फलफुल खेति, मसला खेति आदि कार्यक्रमहरु संचालन गर्न एकमुष्ट रु. ३० लाख बजेट बिनियोजन गरेको छु ।

**ख) सामाजिक विकासः-**

१) शिक्षाः गाउँपालिका अन्तरगतमा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि, शिक्षामा सवै नागरिकको पहुँच, स्थानीय स्रोत र साधनको समुचित उपयोग गर्ने, कक्षा ८\९\१० मा गणित, विज्ञान र अङ्ग्रेजी लगायतमा विषयहरुमा अतिरिक्त कक्षा सञ्चालन गरी कमजोर विद्यार्थीहरुको शैक्षिक गुणस्तर र अभिबृद्धि गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्न एकमुष्ठ रु १ करोड ४५ लाख बजेट बिनियोजन गरेको छु ।

२) स्वास्थ्यः जनताको स्वास्थ्य सम्वन्धी मौलिक हक सुनिश्चितताको लागि मोलुङवासीको आधारभूत स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्न दिर्घ रोग भएका बिरामीको नियमित स्वस्थ्य परिक्षण, गाउँघर क्लिनिक, मानसिक स्वास्थ्य समेत कार्यक्रमलाई प्राथमिकता दिँदै एक मुष्ट रु ३५ लाख बजेट बिनियोजन गरेको छु ।

३) महिला वालबालिका तथा लक्षित बर्गः महिला शसक्तीकरण, लैङ्गिक हिंसा निवारण गर्न साथै बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग जनजाति लगायत लक्षित बर्गको समान सहभागिता, सामाजिक न्याय तथा समावेशीकरण कायम गर्न बालबालिका, जेष्ठ नागारिक, अपाङ्ग जनजाति लगायत लक्षित बर्ग शिर्षकमा एकमुष्ट रकम रु ३० लाख बिनियोजन गरेको छु ।

**ग) पूर्वाधार विकासः-**

१) गाउँपालिकाले जनताको जीवनलाई सहज बनाउने हेतुले पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ । गाउँपालिकाका बिभिन्न पुर्वाधार निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन गर्न गाउँपालिकाले एक मुष्ट रकम रु ६ करोड ४० लाख ९७ हजार बजेटको व्यवस्था गरेको छु ।

२) गाउँपालिका भित्रका सडक मर्मत तथा सरसफाई गर्न एकमुष्ट ८ लाख विनियोजन गरेको छु ।

३) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई बस्तुनिष्ट तथा ब्यबहारिक बनाउने हेतुले बजेट साझेदारी गर्न रु १० लाख विनियोजन गरेको छु।

**घ) वातावरण तथा विपद व्यवस्थापनः**

विपद् प्रतिकार्य गर्न, राहत वितरण तथा उद्धार लगायतका कार्यक्रमलाई Real time मा गर्नको लागि विपद् ब्यबस्थापन कोष सञ्चालन गर्न एकमुष्ट रु. २० लाख बजेट बिनियोजन गरेको छु ।

**ङ) न्यायिक समितिः-**

न्याय क्षेत्रको अग्रणी भूमिकालाई मध्यनजन गर्दै ध्यानमा राखी पालिका स्तरमा न्याय मूर्तिका रुपमा रहेका न्यायिक समितिका सदस्य, मेलमिलाप कार्यकर्ताहरुको क्षमता विकास गर्न रु. ४ लाख बजेट व्यवस्थापन गरेको छु ।

च) युवा तथा खेलकूदः

स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई आत्मसाथ गर्दै खेलकुद पर्यटनको विकास गर्न युवा तथा खेलकुद शीर्षकमा रु. ८ लाख बजेट विनियोजन गरेको छु ।

छ) समग्र मोलुङको विकास र समृद्धि प्राप्त गर्न विकासका लागि सँगसँगै भन्ने नाराका साथ अन्य साझेदार निकाय संघ संस्थासँग साझेदारी गरी कार्यक्रम संचालनका लागि रु. ३४ लाख ९७ हजार बजेट विनियोजन गरेको छु ।

ज) पर्यटनः मोलुङ गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेको मोलुङ गाउँपालिकाको वडा नं. ७ र ८ को सिमामा रहेको सेप्ली झरनाको देश विदेशमा प्रचारप्रसार गर्ने हेतुले सेप्ली झरना महोत्सव आयोजना गर्न रु २३ लाख बजेट विनियोजन गरेको छु ।

सम्मानित सभाका सभाध्यक्षज्यू,

अव म शीर्षकगत आयोजना तथा कार्यक्रमहरुको विस्तृत विवरण प्रस्तुत गर्न गइरहेको छु ।

सभाध्यक्ष महोदय,

मुलुकमा संघीयता लागु भई स्थानीय तह घोषणा भएसँगै हामी आफैले स्थानीय तहबाटै आर्थिक, भौतिक, सामाजिक तवरले फड्को मार्नुपर्ने चुनौति थपिएको छ । सामाजिक क्षेत्र तथा भौतिक पुर्वाधारमा उल्लेखनीय रुपमा विनियोजन गरिएको यो बजेटबाट समृद्ध मोलुङ गाउँपालिकाको शुरुवात हुनेमा मैले विश्वास लिएको छु । बजेटको पूर्ण कार्यान्वयनले जनताले स्थानीय तहमा सरकारको उपस्थितिको अनुभूति हुनेछ भन्ने विश्वास लिएको छु । यो बजेटको सिद्धान्त र प्राथमिकतामा प्राप्त विभिन्न सुझावका लागि गाउँबासीहरु, वुद्धिजीविहरु, समाजसेवी, पत्रकार, कर्मचारी, प्रति म आभारी छु । बजेट निर्माणका क्रममा अहोरात्र खटिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

र अन्त्यमा, गाउँपालिकाको विकासमा सहयोग पुऱ्याउने सबै करदाताहरु, विभिन्न संघ संस्थाहरु, दातृ निकायहरु तथा आम मोलुङवासी बुवा आमा, दिदी बहिनी, दाजुभाईलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने अपेक्षा सहित विदा हुन्छु ।

धन्यवाद, नमस्कार ।

उर्मिला खतिवडा
उपाध्यक्ष
मोलुङ गाउँपालिका